# स्थानीय राजपत्र

## सुन्दरहरैंचा नगरपालिका, विराटचोक, मोरङद्वारा प्रकाशित

**खण्ड : ८**   **सङ्ख्या : ७**   **मिति : २०८१ माघ २९**

**नगर सभाबाट स्वीकृत मितिः २०८१ माघ २२**

**प्रमाणीकरण मिति : २०८१ माघ २९**


## भाग-१

### सुन्दरहरैँचा नगरपालिकाको सहकारी (दोस्रो संशोधन) ऐन, २०८१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी सुन्दरहरैँचा नगरपालिकाको १५ औं नगर सभाले यो ऐन स्वीकृत गरी सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# सुन्दरहरैँचा नगरपालिकाको सहकारी (दोस्रो संशोधन) ऐन, २०८१

**प्रस्तावना:** सुन्दरहरैँचा नगरपालिकाको सहकारी ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सुन्दरहरैँचा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "सुन्दरहरैँचा नगरपालिकाको सहकारी (दोस्रो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. सहकारी ऐन, २०७५ को दफा ३ मा संशोधन:** सहकारी ऐन, २०७५ (यसपछि " मूल ऐन" भनिएको) को दफा ४ मा देहायका उपदफाहरू ५, ६, ७ र ८ थप गरिएका छन् :

(५) सहकारी संस्थाहरूबीच आपसी सहयोग, समन्वय र स्रोत परिचालन एवम् संस्थागत विकासको लागि मुख्य कार्यालय तथा कार्यक्षेत्र नगरपालिका क्षेत्रभित्र रही नियमित प्रतिवेदन पेश गर्ने तथा प्रचलित कानूनको पालना गरी सम्पूर्ण सूचक सकारात्मक देखिएका सहकारी संस्थाका प्रतिनिधिहरू मध्येबाट नगरपालिकाले समावेशी रूपमा १ जना संयोजक, १ जना सह-संयोजक, १ जना सचिव र ४ जना सदस्य रहने गरी ७ सदस्यीय नगरपालिका स्तरीय एक सहकारी समन्वय समिति गठन गर्न सक्नेछ। जसको कार्य अवधि ४ वर्षको हुनेछ।

(६) उपदफा (५) बमोजिम गठित समितिले सुन्दरहरैँचा नगरपालिकाको समन्वयमा नगर क्षेत्रभित्रका सहकारी संस्थाहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नतिका लागि कार्य गर्नुपर्नेछ।

(७) उपदफा (५) बमोजिम गठित समितिले उपदफा (६) बमोजिमका कार्यहरू तथा समितिको बैठक व्यवस्थापन र अन्य गतिविधि/क्रियाकलाप/कार्यक्रमहरू सञ्चालन गर्दा लाग्ने खर्चको व्यवस्थापन नगरपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरूसँगको समन्वयमा गर्नुपर्नेछ।

(८) उपदफा (५) बमोजिम गठित समितिका सदस्य तथा सदस्य संलग्न रहेको सहकारी संस्थाले नगरपालिकाको कानून विपरीत तथा नगरपालिकाको हित विपरीत कार्य गरेको देखिएमा नगर कार्यपालिकाले त्यस्तो सदस्यलाई तत्काल हटाई रिक्त स्थानमा अर्को सदस्य पूर्ति गर्न सक्नेछ।

**आज्ञाले,**
**विनोद कुमार न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**